अनुसूची-१६

(दफा ३३ को उपदफा(२) संग सम्बन्धित)

श्री कालीवन सामुदायिक वन उपभोक्ता समूह

सरुमारानी गाउँपालिका वडा नं.-१, प्यूठान

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

सूचना प्रकाशन मिति २०८३।०८।०२

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व.०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजनाअनुसार २०८३/०२/१७ गतेको हुरी वतासको कारण सामुदायिक वनको सिसौ घारी क्षेत्रमा रहेका क्षति हुन गएका सिसौ लगायत अन्य रुखहरुको कटान मुछान गरि उत्पादन भएका सामुदायिक वनको कालीवन चौतारीमा घाटगद्दी गरी राखेको तपसिल बमोजिमका वन पैदावारहरु श्री डिभिजन वन कार्यालय प्यूठानको च.नं.१४९, मिती २०८३।०५।२६ गतेको लिलाम सहमती प्राप्त भएकोले जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका उद्यमी/ काष्ठको कारोवार गर्ने सूचिकृत फर्महरुले यो सूचना मिति २०८३/०८/०२ गतेको नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. क) लिलाम सम्बन्धि वन पैदावारको विवरण (लट नं.१)

सि.नं.	जात	थान	ग्रेड	परिमाण क्यू.फिट	न्यूनतम मुल्य रु.	कैफियत
१	सिसौ	२८	A	२४९.५८	१७४७०६	
		८७३	B	१५९८.४	७९९२००	
२	सिमल	४		१४.४.	२१६०	
जम्मा		९०५		१८६२.३८	९७६०६६	
३	दाउरा	सिसौ चट्टा		२	२४०००	
कुल जम्मा					१०००६६	

ख) खरिद मिति २०८३/०८/२२ कार्यालय समयभित्र

(डिभिजन वन कार्यालय, सम्बन्धित सव-डिभिजन वन कार्यालय र समुहबाट खरिद गर्न सकिनेछ)

ग) दाखिला मिति २०८३/०८/२३ गते दिनको १२.०० बजे

(डिभिजन वन कार्यालय, सम्बन्धित सव-डिभिजन वन कार्यालय वा समुहमा दाखिला गर्न सकिनेछ)

घ) वोलपत्र खोल्ने २०८३/०८/२३ दिनको १.०० बजे

नोटः- १. वोलपत्र खरिद, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट खरिद, दाखिला र खोलिनेछ।

२. वोलपत्रसाथ कवुल गरेको रकमको १०%(प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको वन उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको यस समूहको खाता नं. ०५२००१००७५१०५३०००००१ (KALIBAN SHA. BA. U. SHA.) मा दाखिला गरेको नगद जम्मा गरेको सक्कल बैंक भौचर समावेश भएको हुनुपर्नेछ वा बैंक ग्यारेन्टी समावेश गर्न सकिनेछ। अन्यथा वोलपत्र मूल्याँकनमा समावेश गरिने छैन।

३. सकारकर्ताले सकार रकममा संकलन खर्च वोलपत्रमा उल्लेख भए वमोजिम थप वुझाउनु पर्नेछ।

४. वोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोवारको पान/भ्याट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नायाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा

५. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालवस्तु जे जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्नेछ।

६. रित पूर्वक पर्न आएका, दाखिला भएका बोलपत्रहरू यस उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय, स्थानीय तह तथा अन्य सरकारी कार्यालयको रोहवरमा खोलिने छ। बोलपत्र खोलिने दिन सकार कर्ताहरू उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन।

७. खोलिएका वोलपत्रहरु नियम अनुसार मूल्याँकन गरी लिलाम स्वीकृत भई डि. व .का. प्यूठानबाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कर तथा संकलन खर्च समूहको निर्णय अनुसारको समयावधि भित्र दाखिला गरी माल वस्तु उठाई लैजानु पर्ने छ अन्यथा नियम अनुसार हुनेछ।

अध्यक्ष

CamScanner

अनुसूची-१६

(दफा ३३ को उपदफा(२) संग सम्बन्धित)

अध्यक्ष



श्री कालीवन सामुदायिक वन उपभोक्ता समूह

सरुमारानी गाउँपालिका वडा नं.-१, प्यूठान

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

८. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

९. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहलाई हुनेछ।

११. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

CamScanner

ड्रयागन फ्रुट खेतीमा रमाउँदै पूर्वशिक्षक

□ रामलाल मुरासाल



बुटवल, १ मंसिर । जीवनको लामो समय शान्ति नमूना माध्यमिक विद्यालयमा शिक्षण पेशामा बिताएका कुलप्रसाद लामिछानेका लागि अवकाश जीवन थकाइ मार्ने समय बनेन । बर, आफ्नो अनुभव, पीप र जिज्ञासालाई नयाँ क्षेत्रमा प्रयोग गर्ने अवसर थप्यो । तिनीहरू नगरपालिका वडा नम्बर ५, पुरानो सडकनिवास आफ्नै निवासको खाली जमिन, यही जमिनलाई सदुपयोग गर्दै कुलप्रसाद लामिछानेले सुरु गर्नुभएको छ, सम्भावनायुक्त ड्रयागन फ्रुट खेती ।

प्रायः हेर्दा सामान्य वर्षौंजस्तो देखिने यो खेतीपिच्छे उहाँको वर्षौंदेखिको कृषि अनुभव, मेहनत र नयाँ प्रयोगशीलताको लगाव जोडिएको छ । वि.सं. २०४४ सालदेखि नै चौपैपालन, गाईपालन, बेतीकिसानी तथा गहुँखेती मन उत्पादनमा सकिय लामिछानेले आफ्नो निजेका कृषि पीप विद्यालयका विद्यार्थीलाई समेत सिकाउँदै आउनुभएको थियो । उहाँका लागि कृषि केवल आम्दानीको माध्यम थाप, होइन, उत्पादनसँग जोडिने र आत्मनिर्भर बन्ने जीवनशैली पनि हो । उहाँले घरकै उपलब्ध जमिनलाई उत्पादनसँग जोड्ने सोच बनाउनुभयो । त्यसपछि शुरु भयो ड्रयागन फ्रुट खेतीको थाप । सामान्यतया नयाँ खेती शुरु गर्दा लगानी डुब्ने हो कि भन्ने चिन्ता हुन्छ । तर लामिछानेले योजनाबद्धरूपमा सुरु गरेको यो खेतीले छोटो समयमै सकारात्मक परिणाम दिन थालेको छ । उहाँको अनुसार करिब डेढ वर्षअघि डेढ कट्ठा क्षेत्रफलमा सुरु गरिएको खेतीबाट अहिलेसम्म करिब डेढ लाख रुपैयाँ आम्दानी भइसकेको छ ।

ड्रयागन फ्रुट खेतीमा लामिछानेको अर्को विशेषता हो, प्रजातिगत विविधता । उहाँले नेपालमा पाइने करिब १२० प्रजातिमध्ये २२ प्रजातिका बिरुवा आफ्नो बगैंचामा लगाउनुभएको छ । विभिन्न प्रजातिको उत्पादन, स्वाद र गुणस्तरबारे अध्ययन तथा परीक्षण गर्दै उहाँले खेतीलाई मिकाइ र प्रयोगको केन्द्रसमेत बनाउनुभएको छ । कृषि उत्पादन गरेपछि बजार खोज्नु किसानका लागि अर्को चुनौती हो । तर लामिछानेको अनुभवमा ड्रयागन फ्रुट बिक्रीका लागि बजारको खासै समस्या छैन । उहाँका अनुसार उचित व्यवस्थापन र हेरचाह गर्न सके वर्षमा १५ देखि १७ पटकसम्म उत्पादन लिन सकिन्छ । यही उत्पादन क्षमता र बजारमा पाइने मूल्यले यस खेतीलाई आम्दानीका दृष्टिले आकर्षक बनाएको छ । पोषणयुक्त फलका रूपमा परिचित ड्रयागन फ्रुटलाई पछिल्लो समय 'सुपर फ्रुट' का रूपमा समेत चिन्ने गरिन्छ ।

आकर्षक स्वरूप, स्वाद र स्वास्थ्यका दृष्टिले उपयोगी मानिने यस फलप्रति उपभोक्ताको आकर्षण बढ्दै गएको छ । यही कारण नेपाली बजारमा पनि यसको माग विस्तार हुँदै गएको लामिछानेको अनुभव छ । परम्परागत कृषि प्रणालीमा बढ्दो लागत, श्रम र उत्पादनको उचित मूल्य नपाउने समस्याले किसानलाई निरुत्साहित बनाइरहेको छ । खेती गर्ने पनि लगानी उठाउन कठिन हुने अवस्था छ । तर क्रम क्षेत्रफलबाटै राम्रो आम्दानी लिन सकिने र एकपटक संरचना तयार गरेपछि लामो समयसम्म उत्पादन लिन सकिने ड्रयागन फ्रुट खेती वैकल्पिक व्यावसायिक कृषिका रूपमा स्थापित हुँदै गएको छ । लामिछानेका अनुसार उचित व्यवस्थापन गर्न सके यो खेतीबाट करिब ३० वर्षसम्म उत्पादन लिन सकिन्छ । ड्रयागन फ्रुट खेतीको अर्को आकर्षक पक्ष भनेको यसका लागि ठूलो खेतबारी नै चाहिन्छ भन्ने छैन । सीमित जमिन भएका किसान, सहरमा बसोबास गर्ने परिवार तथा घरको छत उपलब्ध भएका व्यक्तिले समेत उपयुक्त संरचना र प्राविधिक व्यवस्थापन गरेर यसको खेती गर्न सक्छन् । अर्थात्, थोरै जमिन र सही सोच भए घरकै परिसरलाई पनि आम्दानीको स्रोत बनाउन सकिन्छ भन्ने सन्देश लामिछानेको प्रयासले दिएको छ ।

कक्षाकोठामा विद्यार्थीलाई ज्ञान बाँड्नुभएका कुलप्रसाद लामिछाने अहिले आफ्नै बगैंचाबाट कृषि उद्यमको पाठ सिकाइरहनुभएको छ । उहाँको यो प्रयासले एउटा महत्वपूर्ण सन्देश दिएको छ- 'कृषि गर्न ठूलो जमिन, ठूलो लगानी वा उमेरको सीमा आवश्यक पर्दैन, आवश्यक हुन्छ त केवल इच्छाशक्ति, मेहनत र नयाँ सोच ।

दाङमा बाटुलो जुनका कलाकारहरुलाई स्वागत

घोराही,१ मंसिर (युस)- चलचित्र बाटुलो जुनको टोलीलाई मंगलवार भिएफएम सिनेमा हल घोराही-८ मा स्वागत गरिएको छ । चलचित्र निर्देशक अभिनेता भुवन केसी, मुख्य भूमिकामा रहनुभएका उहाँका छोरा अनमोल केसी र अभिनेकी पिन्नी क्षतिबहादुर पन्नेबाजासहित दर्शकको ठूलो समूहले सम्मान गरेको थियो ।

फिल्म रिलिज आएको पहिलो पटक हो'- अभिनेता केसीले भन्नुभयो- 'दाङमा नेपाली सिनेमालाई साहै मन पराउने, हामी कलाकारलाई मनपराउने दिदी बहिनी म दाङमा पाउँछु ।' उहाँले गाउँ-गाउँघाट बस्ती बस्तीघाट घरको काम छोडेरै आउनु हुन्छ भन्दै धन्यवाद दिनुभयो । 'नबैलाई हृदयबाट आभार व्यक्त गर्छु । हामी आभारी छौं'- उहाँले थप्नुभयो- 'आशीर्वादको रुपमा लिन्छौं ।' उहाँले बाटुलो जुन हेरेर माया गरिदिन आग्रह गर्नुभयो ।

यसैगरी मेगास्टार अनमोलले 'नमस्ते सबै जनालाई, लभ यु दाङ' भनेर शुभारम्भ गर्नुभयो- 'यति धेरै मायाको लागि यति धेरै धन्यवाद । यसरी नै माया गर्दिनुहोला हरेक वर्ष भेटन आउँछु है त ।' यति भन्दै गर्दा दर्शकदीर्घाबाट ताली र हुटिङले हल गुन्जियो । यसैगरी अभिनेकी पिन्नी क्षतिबडाले पनि 'नमस्ते सबैजनालाई'- उहाँले थप्नुभयो- 'मुभी हेरिदिन आइदिनुभयो धन्यवाद, आफ्नो प्रतिक्रिया दिनुहोला ।'

कार्यक्रमको संयोजन गरिरहनुभएका चलचित्र विकास बोर्डका पूर्वप्रवक्ता एवं पहल थिएटरका अध्यक्ष केएल बुढाथोकीले घोराहीमा स्वागत गर्न पाउँदा निकै खुशी लागेको बताउनुभयो ।

प्रधानमन्त्रीकप महिला क्रिकेट शुरु

घोराही, १ मंसिर । प्रधानमन्त्री कप नुम्बिनी प्रदेशस्तरीय महिला टि-२० छलौट क्रिकेट प्रतियोगिता मंगलबारदेखि घोराहीमा शुरु भएको छ ।

नुम्बिनी प्रदेश क्रिकेट संघका सचिव कैलाश रोका मगरको अध्यक्षता एवं नुम्बिनी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तिरनराज गौतमको प्रमुख आतिथ्यतामा गुलरिया क्रिकेट मैदानमा खेल उद्घाटन गरिएको थियो । प्रमुख अतिथि गौतमले प्रतियोगिता जित्ने टिमे मेहनत आवश्यक हुने बताउनुभयो । 'यसको भविष्य कति छ भन्ने कुरा एलीपिएल हेर्नु भएकै छ'- उहाँले भन्नुभयो- नेपालले वर्ल्डकप खेल्ने भनेको क्रिकेट र खेलाँमा हो राम्रो भविष्य छ ।' उहाँले सुझैंतमा हुने दशौं राष्ट्रिय खेलकुदमा महिला क्रिकेटले मेहन न्याउने अपेक्षा गरेको बताउनुभयो ।

सो अवसरमा विशिष्ट अतिथि घोराही-१७ का अध्यक्ष रामलौटन चौधरी, नेपाल एयरलाइन्स कर्पोरेसन शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य क्रिकेट संघ नुम्बिनी प्रदेशका सल्लाहकार किशोरचन्द्र गौतम र सञ्चालन प्रदेश सदस्य बालकृष्ण खरीले गर्नुभएको थियो ।

मंसिर ४ गते भैलो महोत्सव

बंगलाचुली, १ मंसिर (युस)- बंगलाचुली गाउँपालिकाले यस वर्ष पनि स्थानीय भैलो महोत्सव गर्ने भएको छ । गाउँपालिकाले स्थानीय मौलिक कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले यही मंसिर ४ गते शुक्रवारका दिन परम्परागत भैलो महोत्सव गर्ने भएको हो । गाउँपालिकाको आयोजनामा वडा नम्बर ५ स्थित पर्यटकीय क्षेत्र बंगलाचुली नेकमा हरिबोधनी एकादशीका दिन महोत्सव सञ्चालन गर्ने भएको हो ।

गाउँपालिकाले मंगलबार सूचना जारी गर्दै महोत्सवमा सहभागी हुन गाउँपालिकाका आठवटै वडाका भैलो समूह, राजनीतिक दल, युवा समूह, सामाजिक संघसंस्था, टोल विकास संस्था, आमा समूह तथा सम्पूर्ण गाउँपालिकावासीलाई आग्रह गरेको छ । सहभागी हुन इच्छुक भैलो समूहले मंसिर ३ गतेभित्र आफ्नो भैलो समूह दर्ता गराउनुपर्ने सूचनामा उल्लेख छ । भैलो समूह दर्ता तथा महोत्सवसम्बन्धी थप जानकारीका लागि वडा नम्बर ५ का वडाध्यक्ष एवं भैलो महोत्सव आयोजक समितिका संयोजक निलाबहादुर घर्तीलाई सम्पर्क गर्न गाउँपालिकाले अनुरोध गरेको छ ।

यस वर्षको महोत्सवमा पनि गाउँपालिकाका सबै वडाका भैलो समूहलाई सहभागी गराए भैलो प्रस्तुति राख्न लगाउने बताएको छ । यसैबीच गाउँपालिकाले छिमेकी जिल्ला तथा अन्य पालिकाका आठवटै वडाका भैलो समूह, राजनीतिक दल, युवा समूह, सामाजिक संघसंस्था, टोल विकास संस्था, आमा समूह तथा सम्पूर्ण गाउँपालिकावासीलाई आग्रह गरेको छ । सहभागी हुन इच्छुक भैलो समूहले मंसिर ३ गतेभित्र आफ्नो भैलो समूह दर्ता गराउनुपर्ने सूचनामा उल्लेख छ । भैलो समूह दर्ता तथा महोत्सवसम्बन्धी थप जानकारीका लागि वडा नम्बर ५ का वडाध्यक्ष एवं भैलो महोत्सव आयोजक समितिका संयोजक निलाबहादुर घर्तीलाई सम्पर्क गर्न गाउँपालिकाले अनुरोध गरेको छ ।

विमा रकम हस्तान्तरण

□ गोविन्द खड्का

घोराही, १ मंसिर । घोराही-१३ भुदर निवासी खामबहादुर राईलाई विमा रकम हस्तान्तरण गरिएको छ । टिप्पर दुर्घटनामा श्रीमती जुठी पुन मगरको मृत्यु भएपछि आएको विमा रकम मंगलबार घोराही उपमहानगरपालिका वडा नं १३ का अध्यक्ष दुन्गराम पोखेल, वरहाडेत्र बाहुनेले हस्ता अध्यक्ष देवबहादुर घर्ती मगर, भुदर टोलका अध्यक्ष मेघबहादुर जिसी, बाहुनेले टोलका अध्यक्ष टेकबहादुर थापा र नेपाल पक्षार महासघका केन्द्रीय सचिव सबिन प्रियासनले सयुक्त रुपमा दुर्घटना विमा रकमको चेक हस्तान्तरण गर्नुभएको हो ।

७५ वर्षको उमेर हुँदासम्म नेपाली नागरिकता समेत नभएका राईको जन्मघर भोजपुरको टेम्केमैयुङ गाउँपालिका कोशी प्रदेशबाट बसाइसराइ न्याई वडाध्यक्ष पोखेलको नेतृत्वमा घोराही-१३ को बासिन्दाको रुपमा नेपाली नागरिकता बनाइदिएपछि श्रीमतीको विमा रकम राईलाई हस्तान्तरण गरिएको हो । 'उहाँकी श्रीमती जुठी पुन मगरको दुर्घटनाबाट मृत्युपछि पाउने विमा रकम र किरिया खर्च बुझ्नुभयो'- घोराही-१३ का वडाध्यक्ष दुन्गराम पोखेलले भन्नुभयो- 'अब बृद्धमा पनि पाउनुहुनेछ । त्यसका लागि कागजी प्रक्रिया पूरा गरेर अगाडि बढाइदिएका छौं ।'

सानैमा घरदेखि टाढिएका राई घुम्दै घोराही आइपुगेको र यतै विवाह भएको थियो । पहिलो श्रीमतीको मृत्युपछि दोस्रो विवाह गर्नुभएका राईकी दोस्रो श्रीमती जुठीको पनि २०८२ चैत १३ गते टिप्पर दुर्घटनामा परी निधन भयो । नेपाली नागरिकता नभएकै कारण राई यसअघि दुर्घटना विमाबाट वञ्चित हुनुभएको थियो । मृतकलाई टिप्पर कम्पनीले दिएको चार लाख ५० हजार रुपैयाँ उपलब्ध गराइएको हो ।

दाङ जिल्ला अदालतबाट जारी भएको

तहसिल मिसिल नं. १३०५/४१५

जिल्ला दाङ घोराही उपमहानगरपालिका वडा नं. १४ डालमन्दिर स्कूलको उत्तरतर्फ बस्ने बल बहादुर घर्तीका बाउँको ७ (सात) दिने सूचना म्याद.....।

दरखास्तवाला/बादी रण बहादुर बुढाको नातिनी कुल बहादुर बुढा मगरको छोरी जिल्ला रोल्पा त्रिवेणी गाउँपालिका वडा नं. १ थारी बतन भई हाल जिल्ला दाङ घोराही उपमहानगरपालिका वडा नं. १४ शान्तिनगर टोल बस्ने वर्ष २३ की भूमि बुढा मगर विपक्षी/प्रतिवादी लाल बहादुर घर्तीको नाति बलबहादुर घर्तीको छोरा जिल्ला दाङ घोराही उपमहानगरपालिका वडा नं. १४ डालमन्दिर स्कूलको उत्तरतर्फ लोसुमेट ब्याजे रेष्टो नामक होटेल संचालन गरी बस्ने अं. वर्ष ३६ को राजेश घर्ती भएको नेवरन मुरा (०८०-CP-००१०) मा दाङ जिल्ला अदालतबाट मिति २०८३।४।१३ मा दिगो रु. ३,२५,०००- (अक्षरुपी तीन लाख पच्चिस हजार रुपैयाँ) र सोको लिखत भएको मिति २०८५।३।२८ देखि भरिभराउ हुँदाका मितिसम्मको कानून बमोजिमको ब्याज समेत भरी पाउने ठहरी अन्तिम फैसला भएकाले बादीले तपाईंका नाउँको जेथाबाट दिगो भराई पाउँ भनी निवेदन दिई तपाईंका नाममा ७ (सात) दिने सूचना/म्याद जारी गरी पठाइएकोमा उक्त सूचना/म्याद बेपत्ते तामेल भई आएकोले तपाईंको नाउँको यो ७ (सात) दिने सूचना/म्याद प्रकाशित गरिएको छ । यो म्याद प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपाईंका नाउँको तपसिलको जे थाबाट दावीको दिगो भरिभराउ हुन नसक्ने कुनै आधार कारण भए साथै न्याई दाङ जिल्ला अदालतमा उपस्थित हुनुहोला । म्यादभित्र हाजिर नभई म्याद गुजारी बसेमा तपसिलको जेथाबाट दावीको दिगो भराईदिने कार्य हुनेछ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

तपसिल:

दर्ता वाला	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
बलबहादुर घर्ती मगर	दाङ	घोराही	८घ	३३६८	१४३.९२ व.मि.

इति सम्वत् २०८३ साल मंसिर महिना ०२ गते रोज ०४ मा शुभम्.....।

दाङ जिल्ला अदालतबाट जारी भएको

तहसिल मिसिल नं. १३०५/४१५

लाल बहादुर घर्तीको नाति बलबहादुर घर्तीको छोरा जिल्ला दाङ घोराही उपमहानगरपालिका वडा नं. १४ डालमन्दिर स्कूलको उत्तरतर्फ लोसुमेट ब्याजे रेष्टो नामक होटेल संचालन गरी बस्ने अं. वर्ष ३६ को राजेश घर्ती भएको नेवरन मुरा (०८०-CP-००१०) मा दाङ जिल्ला अदालतबाट मिति २०८३।४।१३ मा दिगो रु. ३,२५,०००- (अक्षरुपी तीन लाख पच्चिस हजार रुपैयाँ) र सोको लिखत भएको मिति २०८५।३।२८ देखि भरिभराउ हुँदाका मितिसम्मको कानून बमोजिमको ब्याज समेत भरी पाउने ठहरी अन्तिम फैसला भएकाले सो फैसला कार्यान्वयन गर्न प्रयोजनार्थ तपाईंका नाममा ३५ (पैंतिस) दिने सूचना/म्याद जारी गरी पठाइएकोमा उक्त सूचना/म्याद बेपत्ते तामेल भई आएकोले तपाईंको नाउँको यो ३५ (पैंतिस) दिने सूचना/म्याद प्रकाशित गरिएको छ । यो म्याद प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र हुकाउनु पर्ने सम्पूर्ण सौंचा रकम र सोको कानून बमोजिम भरीभराई हुँकाका मितिसम्मको ब्याज रकम समेत न्याई दाङ जिल्ला अदालतमा उपस्थित हुनुहोला । दिगो राखिन नगरी म्याद गुजारी बसेमा तपसिलको जेथाबाट बादीको दिगो भराईदिने कार्य हुनेछ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

तपसिल:

दर्ता वाला	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
बलबहादुर घर्ती मगर	दाङ	घोराही	८घ	३३६८	१४३.९२ व.मि.

इति सम्वत् २०८३ साल मंसिर महिना ०२ गते रोज ०४ मा शुभम्.....।

श्री कालीवन सामुदायिक वन उपभोक्ता समूह

सरुमारानी गाउँपालिका वडा नं.- १, पुठ्ठान

काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्री सूचना !

सूचना प्रकाशन मिति : २०८३।०८।०२

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजना अनुसार २०८३।०२।१७ गतेको हुरी बतासको कारण सामुदायिक वनको सिसौंधारी क्षेत्रमा क्षति हुन गएका सिसौंलगायत अन्य रुखहरुको कटान मुछान गरी उत्पादन भएका सामुदायिक वनको कालीवन चौतारी घाटगढी स्थलमा घाटगढी गरी राखेको नट नं. १ को सिसौंलगायत अन्य जातको गोलिया थान १०५ को १८६२.३८ क्यु.फिट. काठ र दाउरा २ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमतिप्राप्त गरी संचालनमा रहेका उद्यमी/काष्ठको कारोबार गर्न सूचीकृत फर्महरुले यो सूचना मिति २०८३।०८।०२ गते नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण भ्याहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष

आजको राशीफल



लहरीधारा ज्योतिष केन्द्र
ज्यो. पं. हरि भुवनेश्वर रञ्जाडे
मदन-भेनाले ज्योतिष परिषद्
मोबाइल : ९८४७८१२५१
भारत ०९१-९१२५५६७०३

२०८३।०८।०२ गते बुधवार
तिथि : कार्तिक शुक्ल नवमी, नक्षत्र : शतभिषा

मेष (चु,चे,चो,ला,ली,लु,ले,लो,अ): दिर्घकालीन लाभ र पर-उपकारका कार्यहरु गर्न सकिने छ ।

वृष (ई,ऊ,ए,ओ,वा,वि,वु,वे,वो): आवतानी बाहाउने कार्य गर्न सकिने छ ।

मिथुन (का,की,कु,धु,ढ,छ,के,को,ह): आफ्नो राम्रो अवजर दिलाउन सक्ने छ ।

कर्कट (ही,हु,हे,हो,डा,डी,डु,डे,डो): सामाजिक कार्यक्रम लागि घाम टोक्नुपर सक्ने छ ।

सिंह (मा,मी,मु,मे,मो,टा,टी,टु,टे): व्यवसायिक यात्रा घर व्यवसायिक लाभ हुन सक्ने छ ।

कन्या (टो,प,पी,पु,ष,ण,ठ,पे,पो): साझेदार कार्यद्वारा उत्तम लाभ उठाउन सकिने छ ।

तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते): अदालत र शासकसँग सोझाना सजाय हटाहट हुन सक्ने छ ।

वृश्चिक (तो,ना,नी,नु,ने,नो,या,यी,यु): आफ्नालाभ दिलेबाट बाधा पुरा नहुन सक्ने छ ।

धनु (ये,यो,भा,भी,धु,ध,फा,ढा,भे): यात्रीपार्जन र कार्ज जफलता घर्ा हौजला प्राप्त हुन सक्ने छ ।

मकर (भो,जा,जी,जु,जे,जो,खी,खु,खे,खो,गा,गी): बचत पुरा नजरे दुःख हुन सक्ने छ, रजापारिक लाभ राउँने छ ।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,दा): रचनात्मक कार्य र आर्थिक पक्षमा राम्रो सफलता रहला ।

मीन (दी,दु,थ,झ,ञ,हे,हो,चा,ची): महत्वाकांक्षी योजनाहरु जगाउने रहन सक्ने छन् ।

नेपाल सरकार
भूमि प्रशासन कार्यालय घोराही, दाङ (भूमिसुधार शाखा)
मोहीको हकदावी गर्न आउनेबारे भूमिसुधार शाखाको ३० दिने सूचना !

हाम्रो नाममा दर्ता भेस्ता भएको तपसिल बमोजिमको जग्गामा जिल्ला दाङ दंगीशरण गाउँपालिका वडा नं. ६ नैटार बस्ने जगता थारु मोही जनिएकोमा निज मोहीले उल्लेखित मोही जग्गा जोतभोग गर्न छाडी परिवार सहित बसाईसराई गरी अन्यत्र गएको कारण आफ्नो जग्गा आफै घर खेतीमा कमाई आएकोले निज मोही जगता थारूको नाम मोही नगतबाट कट्टा गरिपाउँ भनी जिल्ला दाङ दंगीशरण गाउँपालिका वडा नं. ६ बस्ने तपसिल बमोजिमका ज.ध. हरुले सम्बन्धित वडा कार्यालयको सिफारिस साथ यस कार्यालयमा निवेदन दर्ता गराई सनाखत गरेको आधारमा मोही जगता थारूको नाममा जारी १५ दिने म्याद जारी गरी पठाउँदा बेपत्ते भन्ने अहोरात्राबाट तामेली भै आएको र म्यादभित्र कोही कसैको हकदावी उजुरी पर्न नआएकोले विशेष अदालत ऐन, २०४९ को दफा १०(९) बमोजिम यो ३० दिने मोही हकदावी गरी आउने बारेको सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः तपसिल बमोजिम कित्ता जग्गामा मोही, मोहीका परिवार वा हक लाग्ने अन्य कोही कसैको जोतभोग भए वा मोहीको नाम नगतबाट कट्टा हुनु नपर्ने कुनै मनासिब कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सबुद प्रमाणसहित भूमि प्रशासन कार्यालय घोराही वाङमा हकदावी/उजुरी गर्न आफै वा कानून बमोजिम वारेस अफिसपार गरी पठाउनुहोला । अन्यथा माग दावी बमोजिम मोहीको नाम मोहीको नगतबाट कट्टा भैजाने म्यादपछि जानकारी गराइन्छ ।

तपसिल

दर्तावाला नाम	गा.वि.स	वडा नं	कि.नं.	क्षेत्रफल	मोहीको नाम वर, ठेगाना
ईश्वरी मगरी	घोराही	२/घ	१५८२	१०७.१५	बगता थारु (दंगीशरण-६,नैटार वडा)
ईश्वरी मगरी	घोराही	२/घ	१५८२	५७५.९५	बगता थारु (दंगीशरण-६,नैटार वडा)
ईश्वरी मगरी	घोराही	२/घ	६९९	०-१-०	बगता थारु (दंगीशरण-६,नैटार वडा)
अनिता नेपाली	घोराही	२/घ	१०२	१०७.१५	बगता थारु (दंगीशरण-६,नैटार वडा)
राम बहादुर खाती	घोराही	२/घ	४००	०-२-२२	बगता थारु (दंगीशरण-६,नैटार वडा)

घोराही उपमहानगरपालिका कार्यालय दाङको बस्ता पसस्तनकी सूचना !

दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १७ बस्ने बारेश अशोक कुमार घर्ती मगरले घोराही उप महानगरपालिका वडा नं. १३ बस्ने बन्दावती रोका मगरको नाममा दर्ता भेस्ता भएको सांबिक सेवार बनगर्दा ३ (हाल घोराही उपमहानगरपालिका वडा नं. १३) कि.नं. ७१५४ क्षेत्रफल ११०.८२ व.मि. जग्गामा घर निर्माण गर्नका लागि घरको नक्सापास गरिपाउँ भनी नक्सासहित निवेदन पेश गर्नुभएको छ । सो अनुसार घरको नक्सापास इजाजत उपलब्ध गराउन आवश्यक प्रक्रिया पुरा गरी मिति २०८३।०८।०१ गतेका दिन सर्जमिन गर्दा पश्चिमतर्फका सँधियार कि.नं. ७२९१ जम्कीलाल रोका, टेक बहादुर बली र मुक्त बुढा, उत्तरतर्फका सँधियार कि.नं. ५८५९ भीमा बुढा मगर र दक्षिणतर्फका सँधियार कि.नं. ७०६४ भानु बली अनुपस्थित हुनभएको कारण नक्सापास कार्य रोकिन गएको छ । यदि कोही कसैको दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस कार्यालयमा लिखित निवेदन दिनुहोला अन्यथा नियमानुसार निजका नाममा घर नक्सापास भई जाने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

घोराही उपमहानगरपालिका कार्यालय दाङको बस्ता पसस्तनकी सूचना !

दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १५ बस्ने अमृता चलाउनेको नाममा दर्ता भेस्ता भएको सांबिक घोराही ८घ (हाल घोराही उपमहानगरपालिका वडा नं. १५) कि.नं. ४४४८ क्षेत्रफल १९२.८६ व.मि. जग्गामा घर निर्माण गर्नका लागि घरको नक्सापास गरिपाउँ भनी नक्सासहित निवेदन पेश गर्नुभएको छ । सो अनुसार घरको नक्सापास इजाजत उपलब्ध गराउन आवश्यक प्रक्रिया पुरा गरी मिति २०८३।०८।१ गतेका दिन सर्जमिन गर्दा पश्चिमतर्फका सँधियार कि.नं. ३१० स्वर्गद्वारी सुडी र दक्षिणतर्फका सँधियार कि.नं. ४४२१ देउकली कुमारी अनुपस्थित हुनभएको कारण नक्सापास कार्य रोकिन गएको छ । यदि कोही कसैको दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाण सहित यस कार्यालयमा लिखित निवेदन दिनुहोला अन्यथा नियमानुसार निजको नाममा घर नक्सापास भई जाने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

CamScanner